# साहित्य

पुस्तक नभएको घर र झ्याल
नभएको कोठा समान हुन्छ।
– होरेर म्यान

शत्रुको पनि गुण ग्रहण गर,
गुरुको अवगुण त्यागिदेऊ।
– चाणक्य

व्यक्तिवृत्त

## होनहार कवि/गायिका हरिदेवी कोइराला

मोहन दुवाल



कवयित्री तथा लोकगीत गायिकाका रूपमा ख्यातिप्राप्त हरिदेवी कोइराला गण्डकीमा मात्र नभई समग्र नेपालभरिकै लोकप्रिय गायिका हुन्। यिनका गीतहरू कर्णप्रिय छन्। कविताहरू मानवीय संवेदनाले व्याप्त छन्। सयौं क्यासेट चक्कामा गीत सम्प्रेषण गराइसकेकी यिनका प्रकाशित काव्य/गीतका पुस्तकहरूमा कवितातर्फ मेरो देशको छातीभित्र दुखेजस्तो लाग्छ (२०४५), तरङ्ग (२०५४), न घाम झऱ्यो न जून झऱ्यो (२०५९), सारङ्गीमा भुल्यो मन (२०६७), के छ हजुर हालचाल यता ? (२०६७), कसका जन्ती आए ? (२०७०) छन्। यसै गरी लोकगीततर्फका पुस्तकहरूमा आफ्नै गीत आफ्नै भाका (२०६२), माइतै रमाइलो (२०६३) प्रकाशित छन्। १०० भन्दा बढी म्युजिक भिडियोमा पनि आफूलाई देखाइसकेकी यिनी पोखराबाट उदय भएकी लोकगायन क्षेत्रकी देशले नै स्मरण गर्नलायककी लोकगायिका हुन्। दुई छोरा र एक छोरीकी आमा बनेर, रामबहादुर कोइरालाका मन पर्ने जीवनसंगिनी बनेर जीवन-पथमा रमाउँदै हिँडेकी हरिदेवी कोइरालाले साहित्य र लोकगीतमा प्रवेश गर्ने प्रेरणा प्राकृतिक वातावरण र सामाजिक परिवेशबाट प्राप्त गरेकी हुन्।

वि.सं. २०१५ चैत्र १७ गते पोखरा उपमहानगरपालिका-६, वैदाम, कास्कीमा पिता स्व. योगेन्द्रबहादुर भट्टराई र माता जगतकुमारी भट्टराईकी छोरी भएर जन्मेकी हरिदेवी वि.सं. २०२८ देखि साहित्य र लोकगीतमा प्रवेश गरेकी हुन्। वि.सं. २०४० देखि गीत रेकर्डमा लागेकी हरिदेवीको रेकर्ड भएको पहिलो गीत हो-

*आँखाभरि आँसुको धारा*
*यो जीवनमा छैन केही सहारा*
*घर त वैदाम ताल*
*रोएरै बित्ने भो यो दु:खीको चाल।*

पहिलो क्यासेट पाइन खबर, घर फर्की आउनुहोस् मेरो हजुरबाट प्रचारमा आएकी लोकगायिका हरिदेवीका ५ सयभन्दा बढी गीत रेडियोमा रेकर्ड भइसकेका छन्। नारायण गोपाल, तारादेवी, अरूणा लामा, रामकृष्ण ढकाल, स्व. लोकबहादुर क्षेत्री, धर्मराज थापा, झलकमान गन्धर्व आदि गायक-गायिकाहरूका मर्मस्पर्शी गीतहरूबाट प्रभावित यिनी साहित्यकारहरूमा लक्ष्मीप्रसाद देवकोटा, भूपि शेरचन, माधवप्रसाद घिमिरे मन पराउँछिन्। मुनामदन र घुम्ने मेचमाथि अन्धो मान्छे यिनका सबभन्दा मन पर्ने कृति हुन् भने जन्मस्थान पोखरा र फेवातालको सेरोफेरो यिनलाई अत्यन्त मन पर्ने ठाउँ हो। साहित्य, लोकसंस्कृतिप्रति समर्पित रहने यिनको रुचिअनुसार यिनी यस्तै भावभूमिमा रङ्ग-रङ्ग फिँजाएर इन्द्रेणी बन्नका लागि तल्लीन र सक्रिय छिन्। यिनको दृष्टिमा साहित्यको परिभाषा मानवीय भावनाको कलात्मक अभिव्यक्ति, अनुभूतिको सुन्दर र शिष्ट प्रस्तुति बनेका छन्। यिनको चेतनामा जीवन दु:ख र सुखको संगम हो। आँसु र हाँसोको दोभान, सङ्घर्षको पर्यायवाची नाम हो- जीवन।

लोकगायन, साहित्यसेवा र सिर्जनामा यिनी निकै सक्रिय देखिन्छन्। दर्जनौं साहित्यिक तथा सामाजिक संस्थाका उपाध्यक्ष, सदस्य तथा केन्द्रीय सदस्यजस्ता पदहरूको जिम्मेवारी बहन गर्दै गरेकी यिनी जनमत प्रकाशनका तर्फबाट वि.सं. २०६० चैत्रमा केवलपुरे-जनमत सम्मानबाट सम्मानित भइसकेकी लोकगायिका हुन्। लोकगीतका चर्चित गायिका हरिदेवी कोइरालाका कविताहरू राष्ट्रवादी चेतले ओतप्रोत हुँदै क्रान्तिकारी भावधारामा प्रवाहित छन्। नारीजगत्का स्पन्दन र आँसुका मर्महरू कवितामा पोख्न सक्षम कवि हरिदेवी कवितामा नारीलाई यसरी पोख्छिन्-

*हो, हामी भात पकाउने मान्छे पनि हो*
*छाती भरी भरी माया र दयाको सागर*
*लुकाएर*
*पुरुषको एक्लो जिन्दगीलाई आफ्नो जिन्दगी नै दिएर*
*समर्पित हुने मान्छे पनि हो।*

सुरिलो कण्ठकी लोकगायिका तथा कवयित्री हरिदेवी कोइरालाले आफ्नै नाममा पोखरामा हरिदेवी साहित्य सङ्गीत सम्मान कोषको स्थापना गरेर देशका लोकगायक, साहित्यकारहरूको दु:खमा केही न केही सहयोग पुऱ्याउँदै आएकी छन्। यिनी लेखनाथ साहित्य प्रतिष्ठान, अलि मिया लोक वाङ्मय प्रतिष्ठान, सप्तरङ्गी सांस्कृतिक प्रतिष्ठान, सङ्गीत प्रशिक्षण केन्द्र, संरक्षण कविता आन्दोलन, राष्ट्रिय बालप्रतिभा पुरस्कार समिति, हेमराज साहित्य प्रतिष्ठान, भानुभक्त प्रतिष्ठान, गण्डकी साहित्य संगम आदिमा संरक्षक, अध्यक्ष, उपाध्यक्ष, सल्लाहकार र सदस्य रहेर आफ्नो सक्रियता पनि देखाउँदै आएकी गायिका तथा लेखिका हुन्।

पोखराको सुन्दर प्राकृतिक भूमिमा अलि मियापछि लोकगायनमा, लोकगीत सङ्कलनमा, साहित्यिक सिर्जना र संगठनमा हरिदेवी कोइरालाको नाम उच्चारण गर्न सकिन्छ। यिनको सक्रियता, सिर्जना र लोकगीत गायनमा यिनले पुऱ्याएको योगदानको कदरस्वरूप प्रशंसापत्र, अभिनन्दनपत्र, प्रमाणपत्र, कदरपत्र, पुरस्कार गरी करिब २ सय सङ्घ-संस्थाबाट यिनी सम्मानित भइसकेकी छन्। सुरिलो स्वरकी धनी व्यक्तित्व हरिदेवी कविता सिर्जनामा पनि आफ्नो देश र जनमनप्रति बफादार छिन्। कविता र गीतमा समाजप्रतिको दायित्वबोधले यिनलाई घचघच्याइदिएका छन्। यिनी कवितामा मानवीय मुक्ति खोज्छिन् र उज्यालोको खोजीमा स्वर दिन जहिले पनि तत्पर हुँदै आएकी देखिन्छिन्। देश राजनीतिक द्वन्द्वमा रहँदा, शान्ति हराएको स्थितिमा 'शङ्का' गर्दै कवितामा लेख्छिन्-

*गाइने दाइको सारङ्गीमा उन्मुक्तिको गीत छैन*
*कान्छा-कान्छी देउरालीमा फूल साट्ने प्रीत छैन।*
*हृदयमा लालीगुराँस सयपत्री सुनाखरी-*
*फुल्नै नपाई कोपिलैमा झर्ला भन्ने पीर फेरि।*

उज्यालोको खोजीमा लागेर गीत र कवितामार्फत सन्देश दिँदै आएकी यिनी जीवन भनेको नै अर्काको सेवामा समर्पित गर्नुलाई सम्झिन्छन् र सुगम साङ्गीतिक तथा साहित्यिक यात्रामा लागेर सिर्जना र साधनामा मन दिन पाउँदा दङ्ग पर्छिन्। न्यानो घामको र उज्यालो देखिने घामकै प्रतीक्षामा रहेकी यिनी कवितामा बोल्छिन्-

*ल्याइदेउन उज्यालो धर्तीमा गगनको त्यो न्यानो घामले*
*पीडाले पोलेको बस्तीमा शीतल पोखिदेऊ जूनले।*
*सुनाइदेऊ सन्देश सबैलाई सरर हिमाली हावाले-*
*खडेरी परेको मनलाई भिजाइदेऊ मेची र कालीले।*

निरन्तर लोकगीत खोजिरहेकै र गाइरहेकै कारणले यिनी प्रसिद्ध लोकगायिका बन्न सफल रहिन्। निरन्तर कविता पनि लेखिरहिन र प्रसारित हुँदै आएकी कारणले यिनी कविकै विम्बमा पनि देखा परिरहिन्। देशप्रतिको चोखो भावना र जनताप्रतिको उत्तरदायित्व बोक्दै हरिदेवीले आफ्नो गायन र सिर्जनामार्फत जे-जति सक्रियता देखाइरहिन् त्यही नै यिनको उत्कृष्ट ढङ्गको परिचय बन्न गएको देखिन्छ। हरिदेवी मलाई लाग्छ-लोकगीतको एउटा युग हो। मलाई भन्न मन लाग्छ- हरिदेवी कोइराला पोखराकै धरातलबाट उठ्दै आएकी राष्ट्रकी होनहार लोकगायिका हुन्। थाक्न जानिनन्, त्यसैले हरिदेवी बनिन् राष्ट्रिय प्रतिभा।

पुस्तक चर्चा

## उज्यालो छर्न आतुर कवि उप्रेती

शरद श्रेष्ठ

भीष्म उप्रेती सरल भाषा-शैलीमा कविता कोर्न सिपालु छन्। उनका काव्य-शैलीमा मीठासपन हुनुका साथै लोभ लाग्दा कविताका लागि कोरिएका अक्षर-विम्बहरू हुन्छन्। कवितामा जीवन हुनु र कविता सबैले बुझ्ने खालको सरल हुनु उप्रेतीका काव्यात्मक विशेषताहरू हुन्। यिनी कवितामा मात्र होइन नियात्रा, निबन्ध र उपन्यासमा पनि भाषा-शैली छर्न सफल छन्। त्यसैले यिनका कविताहरू अंग्रेजी, हिन्दी, तमिल, जापानी, कोरियाली, सर्बियाली, स्लोभोनियाली, कम्बोडियन र संस्कृत भाषामा पनि अनुदित छन्। नयाँ पुस्ताबाट उदय भएका कवि भीष्म उप्रेती कवितामा क्षमतावान् देखिन्छन्।




यिनको पछिल्लोपल्ट प्रकाशित कविता सङ्ग्रह 'आधा उज्यालो' कविताको प्रयोगमा देखिएको एकखालको सुन्दर प्रयोग मान्न सकिन्छ। यसै कविता सङ्ग्रहमा कवि दिनेश अधिकारी आफ्नो भूमिकामा कामना गर्छन् र भन्छन्- यिनका कविता 'सुनारले गहना बनाउन/टुक्राटुक्रा सुन वा चाँदी टिपेजस्तै/ चिम्टीले उज्यालो टिप्दै/ कविताको ढाकर भर्ने स्वभावका छन्।' कवि दिनेश अधिकारीले भनेजस्तै भीष्मका कविताहरू कालिगढले बनाएका शिल्पीहरूजस्तै छन्। भीष्म कवि कवितालाई 'सृजनात्मक कलाहरूमध्ये एक उत्कृष्ट सृजना' मान्दछन्। उनको कविता र कविबारे आफ्नै खालको यस खालको तर्क छ- 'जीवनलाई, सत्यलाई र निष्ठालाई प्रेम गर्नेले मात्र कवितालाई प्रेम गर्न सक्छ।' यस्तै भावनात्मक संवेगले भीष्मलाई योग्य कवि बनायो। जीवनका लागि गहिरिएर कविता लेख्नेहरू धेरै थोरै छन्, ती थोरै कविहरूको हुलमा कवि भीष्म उप्रेती 'आधा उज्यालो' मा देखिन्छन्। 'देश', 'प्रकृति', 'पानी', 'मान्छे' उपशीर्षकमा ५३ वटा स-साना कविताहरू यस कविता सङ्ग्रहमा समाविष्ट छन्।

कवि भीष्म प्रसाईंका कविताहरू सरल भएकै कारणले र जीवन-उत्सर्ग भरिएकैले, अन्ध-परम्पराविरुद्ध लेखिएकैले सुन्दर र पढौं-पढौं खालका छन्। कवि देशलाई 'अखण्ड' बनाउन चाहन्छन्। सस्तो डान्सबारजस्तो संसद् देखेर यिनी भयातुर छन्। शान्ति अपहृत हुँदै गरेको जस्तो परिवेश भोगेर देशमाथि चिन्ता व्यक्त गर्दै यिनी कवितामा लेख्छन्-

*सगरमाथा र बुद्धको नाममा*
*गर्व गर्नुले कति पनि अर्थ राख्दैन आज*
*सौन्दर्यको अनुहारमा*
*फोहोर पोखिएको छ।*

यिनी देशप्रति चिन्ता व्यक्त गर्दै कवितामा लेख्छन्-

'देशभक्ति अब
राष्ट्रिय गीतमा मात्र बाँचेको छ।

देशप्रति सचेत, जनमनप्रति जिम्मेवार, अन्धविश्वास र कुरीति प्रथाका विरोधी कवि भएकै कारणले यिनका कविताहरू प्रगतिशील-दृष्टिचेत् भएका सुन्दर कविताहरू बनेका छन्। यिनी भोलिका लागि उज्यालो दिन जन्माउन सङ्कल्पबद्ध छन्। यिनी पानीजस्तै बग्न चाहन्छन्, यिनी रुखझैं ठिङ्ग नलत्रीकन उभिरहन खोज्छन्, यिनी गाउँ र देशकै सुन्दरताका लागि हिस्सी थप्न मन गर्छन्। यिनी श्रमिक जनमा र परिश्रमी जनावरमा प्रणाम चढाउँदै कवितामा लेख्छन्-

*बाटामा भेटिएका खच्चडलाई*
*च्याप्प समातेर ढोग्यौं र भन्यौं-*
*तिमी देवता हौ यस हिमालमा*
*म तिमीलाई प्रणाम गर्छु।*

श्रमिकजनमा भक्तिभाव जनाउँदै यिनी 'समानता' कवितामा खच्चडहरू र भरियाहरूले नै 'हिमाल'को सुन्दरता खोप्न सकेका हुन् भनी जयगान गाउँछन्। 'आधा उज्यालो' ले भीष्म उप्रेतीलाई सम्भावनायुक्त उज्याला कविका रूपमा उभ्याादिएका छन्।

## दुवाललाई 'फेदोल उत्कृष्ट सिर्जना पुरस्कार'

काठमाडौं। फेमकुमारी-डोरनाथ ढुङ्गेल साहित्य प्रतिष्ठानले २०७४ सालको 'फेदोल उत्कृष्ट सिर्जना पुरस्कार' वरिष्ठ साधक तथा जनमत साहित्यिक मासिकका प्रधानसम्पादक मोहन दुवाललाई प्रदान गर्ने निर्णय गरेको छ। असार २२ गते काठमाडौंमा हुने उक्त सम्मान कार्यक्रममा दुवालसँगै 'फिदेल नवप्रतिभा पुरस्कार' नवप्रतिभा अधिश्री कसपाललाई प्रदान गरिने जनाइएको छ।

दुवालका २०७४ सालमा मात्र गद्य आलेखमा भूगोलमा पाइलाहरू (नियात्रा सङ्ग्रह), अक्षर विम्बहरू (व्यक्तिवृत्त सङ्ग्रह), स्मृतिमा सर्जकहरू (दिवंगत स्रष्टाहरूको व्यक्तिवृत्त सङ्ग्रह) गरी तीनवटा कृति प्रकाशित भएका छन् भने हालसम्म २८ वटा पुस्तक प्रकाशित भइसकेका छन्।

*पृष्ठ संयोजक : वरिष्ठ साहित्यकार मोहन दुवाल*

## सातासको राशिफल

**ज्यो. चन्द्रेश शर्मा**

असार १६ देखि २२ गतेसम्म

**मेष**

तपाईंका लागि यो साता उपलब्धिमूलक नै देखिन्छ। विविध वस्तु वा सेवा प्राप्ति होला। कार्य सफल हुनाले मन आनन्दित होला। राजनीतिकर्मीबाट फाइदा लिन सकिने देखिन्छ। स्वस्थता एवम् आनन्दको अनुभूति होला। धेरथोर आर्थिक लाभ पनि हुनसक्छ। इज्जत प्रतिष्ठा बढ्नेछ। तर बिहीबार र शुक्रबार भने केही चिन्ता होला। कार्य बाधा, स्वास्थ्यमा गडबड हुनसक्छ।

**वृष**

तपाईंका लागि साताको शुरूका दुई दिन शुभ देखिँदैन। शोक-सन्ताप बढ्ने, कार्य असफल हुने, ग्यास्टिक, अपचजस्ता समस्याले सताउला। सोमबारदेखि समय उत्तम फलदायक छ। पढाइ, प्रतियोगिता, खेलकुद, मुद्दामामिला आदिमा विजय हुनेछ। अधुरा कार्यहरू पूरा हुनेछन्। प्रेमप्रसंग सफल हुनेछ। आफ्नो जीवनसाथीबाट धेरै सहयोग मिल्नेछ। कतैबाट पुरस्कृत भइने सम्भावना छ।

**मिथुन**

यस सातामा के गरौं र के नगरौंको स्थिति आउनेछ। आज दु:खकष्ट भयो भने अर्को दिन रमाइलोमा बित्न पनि सक्छ। समग्रमा भन्दा यो हप्ताको अधिकांश दिन स्वास्थ्य समस्या, विवाद, मानसिक चञ्चलता, तनावमा बित्ला। निरर्थक धन र समयको नोक्सानी होला। तर साताको अन्त्य बिहीबारबाट भने आर्थिक लाभ, खाद्यसामग्री, उपहारादि वस्तु प्राप्ति हुने सम्भावना छ। स्वास्थ्यले साथ देला।

**कर्कट**

साताको पूवार्ध भाग अर्थात् शनिबार र आइतबार उत्तम फलदायक छ। धनलाभ, मानसम्मान, जीवनसाथीबाट ठूलो सहयोग हुनेछ। परीक्षा, खेलकुद, मुद्दामामिलामा विजय हुने सम्भावना छ। तर सोमबारदेखि दिनहरू त्यति फलदायक देखिँदैनन्। कार्यमा बाधा, रोगको भय, आर्थिक नोक्सानी हुने देखिन्छ। राज्यबाट भय, अपयश, प्रतिष्ठामा आँच नहोला भन्न सकिन्न। सतर्कता अपनाउनुहोला।

**सिंह**

तपाईंका लागि यो साताका धेरैजसो दिनहरू फलदायक नै देखिन्छन्। कार्य सफल, स्वस्थता, भाग्योदय, उपहारादि वस्तु प्राप्ति हुने सम्भावना छ। प्रतियोगितात्मक कार्यमा विजयको संकेत देखिन्छ। धनलाभ, यश वृद्धि, वाहन लाभको सम्भावना छ। समस्याको समाधान एवम् अधुरा कार्य पूरा होला। तर बिहीबार र शुक्रबार भने काममा व्यवधान, स्वास्थ्य समस्या, आर्थिक नोक्सानी नहोला भन्न सकिन्न।

**कन्या**

तपाईंका लागि साताको अधिकांश समय राम्रो फल दिनेवाला देखिन्छ। आइतबारसम्म उदरजन्य रोगको सम्भावना, दिनचर्या अस्तव्यस्त, पारिवारिक विवादको सम्भावना छ। तर त्यसपछिका दिनहरू धेरै उपलब्धिमूलक छन्। कहीँबाट आफू र आफ्नो परिवारको अनुकूल शुभ समाचार सुनिने, गरेको काम सफल हुने, आर्थिक लाभ हुने, प्रतिस्पर्धी वा शत्रुमाथि विजय हासिल हुनेछ। आँटेको काम पूरा हुनसक्छ।

**तुला**

तपाईंका लागि यो साताको शुरूवातका दिनहरू कष्टप्रद छन् भने अन्त्यका दिनहरू लाभदायक छन्। साताको अन्त्यमा इष्टमित्रसँग रमाइलो भेटघाट होला, जसबाट फाइदा हुने सम्भावना छ। साथै रमाइलोसँग समय बित्नेछ। तर सातको शुरूमा के गरौं र के नगरौंको स्थिति आउनेछ। स्वास्थ्यले समेत साथ नदिन सक्छ। केही हानि-नोक्सानी होला। बुधबारसम्म सतर्कता अपनाउनुपर्ने देखिन्छ।

**वृश्चिक**

तपाईंका लागि यो साता त्यति शुभ फलदायक देखिँदैन। हुन त साताका शुरू आइतबारसम्म पैसा प्राप्ति, पढाइ, व्यापारमा सफलता, मान-सम्मान वृद्धि, इज्जत-प्रतिष्ठामा वृद्धि हुनेछ। तर त्यसपछिका दिनहरू भने शुभ देखिँदैनन्। खानपानबाट अस्वस्थता, विनाउपलब्धिको दौडधुप हुनेछ। अपच, वायु-गानोगोलाजस्ता पेटको समस्याले सताउला। काममा जाँगर हराउनेछ। यसले गर्दा प्रतिफलमा कमी आउनेछ।

**धनु**

यो साताका मध्यदिनहरू तपाईंका लागि शुभ फलदायक छन्। सोम, मंलल र बुधबार केही आम्दानी हुने देखिन्छ। सानै प्रयासले पनि केही प्रगति होला। शुभ मांगलिक कार्यमा सरिक भइएला। तर बाँकी दिनहरू भने शुभ फल दिनेवाला देखिँदैनन्। धन हानि, मानसिक तनाव, काममा अरूचि होला। इज्जत-प्रतिष्ठामा आँच आउन सक्ने देखिन्छ। आशातीत उपलब्धि नहुँदा खिन्नता होला।

**मकर**

तपाईंका लागि यो साताका धेरैजसो दिनहरू उत्तम फलदायक छन्। साताको शुरू र अन्त्यका दिनहरूमा धन प्राप्ति, खाद्यपदार्थ प्राप्ति, पुरस्कार/उपहार प्राप्ति, मिष्ठान्न भोजन प्राप्तिको सम्भावना छ। व्यापारमा सफलता हासिल होला। जोश-जाँगर बढ्नेछ। तर मंगलबार र बुधबार भने स्वास्थ्यमा समस्या देखिएला। साथीभाइ, इष्टमित्रसँग विवाद पर्न सक्छ, होसियार रहनुपर्ला। अधिक खर्च होला।

**कुम्भ**

साताको मध्यभाग सोम, मंगल र बुधबारका दिनहरू शुभ फलदायक छन्। सामान्य प्रयासले पनि धन प्राप्ति, कोसेली-पुरस्कार प्राप्तिको सम्भावना छ। मान-सम्मान पाइएला। कार्यहरू सफल एवं विजयको सम्भावना छ। मानसिक शान्ति होला। तर साताको शुरू र अन्त्यका बाँकी दिनहरू भने उपलब्धिमूलक देखिँदैनन्। विवाद, धनहानि, अस्वस्थ हुने सम्भावना छ। के गरौं, के नगरौंको स्थिति आउला।

**मीन**

तपाईंका लागि साताको शुरू र अन्त्यका दिनहरू उत्तम फलदायक देखिन्छन् भने मध्यदिनहरू उपलब्धिमूलक छैनन्। सोम, मंगल र बुधबार स्वास्थ्य समस्या, विवाद, हानि-नोक्सानी, चोटपटकको सम्भावना देखिन्छ। अधिक खर्च र कष्ट बेहोर्नुपर्ला। तर बाँकी दिनमा भने धन, खाद्यपदार्थ, कोसेली-उपहार आदि प्राप्त होला। गरिरहेको पेसा व्यवसायबाट आशातीत लाभ होला। पढाइमा प्रगति होला।